मिति २०७८/४/२४ नगर कार्यापालिका बैठकका प्रस्तावहरु

१. वार्षिक प्रगती समिक्षा सम्बन्धमा ।

२. गत आ.व.को भुक्तानी बाँकी सम्बन्धमा ।

३. विभिन्न कार्यविधि सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रम बमोजिम भएको कार्यको वार्षिक प्रगति समिक्षा गरियो । कोभिड १९ को प्रभाव तथा केही विवादका कारण थोरी मात्रामा योजनाहरु कार्यान्वयन हुन नसकेता पनि करिव सवै योजनाहरु सम्पन्न भएको पाईयो । भेडामारे सिमलपानी पावर सडक स्तरोन्नती, अमराई जुकेना देउराली ऐरावनी सडक स्तरोन्नी र कोसेली घर निर्माण गर्ने कार्य ठेक्काबाट हुदा घटी घटाउ भई वचेको रकमबाट समेत सोही बमोजिम कार्य गराउदा सडकमा करिव थप ९० प्रतिशत बढी कार्य भएको र कोसेली घरमा समेत ३३ प्रतिशत थप कार्य भई सोही बमोजिम प्रगती हासील भएको पाईयो । नगरपालिकाको कुल वजेट मध्ये सडक मर्मत सुधारमा बार्षिक ठूलो रकम खर्च भई रहेकोमा चालु आ.व.मा सडक ग्राभेल गर्ने कार्य १६ कि.मी, कच्ची सडक निर्माण गर्ने कार्य ५१ कि.मी. र मर्मत तथा स्तरोन्नती गर्ने कार्य ६०४ कि.मी. भएको पाईयो । त्यसै गरी खानेपानी योजना ६४ मर्मत सुधार, सिंचाईका विभिन्न कुलो ४८ योजना मर्मत तथा १०७५ मी आरसिसि कुलो निर्माण, ३२ वटा भवन निर्माण तथा मर्मत सुधार मध्ये ७ वटा वडा कार्यालय भवन, २ वटा स्वास्थ्य इकाई भवन निर्माण सम्पन्न हुनुको साथै २ वटा झो.पु र १ वटा ट्रष्ट बृज समेत निर्माण कार्य सम्पन्न भएको छ । समग्रमा गत विगतको तुलनामा समयमै योजनाको कार्य सम्पन्न भएता पनि समयमै सत प्रतिशत योजना कार्यान्वयन गरी बढीभन्दा बढी प्रतिफल हासिल गर्ने गरी आगामी दिनमा कार्य सम्मादन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं.२ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा सम्पन्न भई भुक्तानीको कममा रहेको अवस्थामा मिति २०७८/३/३० गते सम्म आर्थिक प्रशासन शाखाबाट सुत्र सफ्टवेयरबाट चेक काट्ने क्रममा सरवर सहज रुपमा संचालन नभएको र मसान्तको दिन मिति २०७८/३/३१ गते सुत्र सफ्वेयर केन्द्रबाटै बन्द गरि दिएका कारण भुक्तानी हुन नसकी बाँकी रकेका विभिन्न योजना तथा कार्यकमहरुको १८ नम्वर भरी राखेको रकम रु ३,४१,९४,३६२।- नियमानुसार सम्बन्धित वजेट खैर्च शिर्षक तथा नगरपालीकाको बचत रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयबाट तयार भई पेश भएका विभिन्न कार्यविधिहरु आजको बैठकमा छलफल भयो । पेश भएका कार्यविधिहरुमा थप सुधार गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

गोरुसिङ्ग पत्थरकोट ठाडा देउराली सन्धिखर्क सडक अर्न्तगत पत्थरकोट ठाडा देउराली सडक यस नगरपालिकाको वडा नं. १२, ४, ३ र २ का अधिकांश भू-भाग हुदै निर्माण भएको र पहिले बाटोको RIght Of Way ७.५ मीटर हुँदा सो दुरी छाडी घरहरु समेत निर्माण भएको अवस्थामा सरकारले सडकको RIght Of Way वढाएको भन्ने सन्दर्भमा उल्लेखित यस नगरपालिका भित्र पर्ने सडकको अधिकाशं भू-भाग वन क्षेत्रमा पर्ने भएकोले सडक विस्तार गर्दा कानुन बमोजिम मिलेसम्म यस नगरपालिकाको वस्ती तथा बजार क्षेत्रमा रहेका घरहरु नफालिने गरी सडकको विचबाट ७.५ मीटर भित्रै सडक चौडा गर्ने गरी हाल लाई सडकको RIght Of Way दुवै तर्फ ७.५ मीटर छाडी पछी कानुन बमोजिम हुने गरी जग्गा नापी गर्ने व्यवस्था मिलाउन १ नं. विशेष नापी टोलीलाई लेखी पठाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत